# सुनिलस्मृति गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

सुलीचौर, रोल्पा लुम्बिनी प्रदेश, नेपाल

**प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययनकार्य गर्नेबारे ७ दिने सार्वजनिक सूचना !**

प्रकाशित मिति : २०७७।१२।२०

लुम्बिनी प्रदेशअन्तर्गत रोल्या जिल्लाको सुनिलस्मृति गाउँपालिका वडा नं. ३, ५ र ६ भएर निर्माण भएको सडक (फर्साचौर–काभ्रा–मन्घा–क्वालिगाउँ हुँदै सुनिलमार्ग जोड्ने सडक) को सुनिलस्मृति गाउँपालिका, रोल्पा प्रस्तावक रही निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको व्यहोरा | लुम्बिनी प्रदेश अन्तर्गत रोल्पा जिल्लाको सुनिलस्मृति गाउँपालिका वडा नं. ३, ५ र ६ भएर निर्माण भएको तथा २,१०० मि. निर्माण गर्न बाँकी सडकको (फर्साचौर–काभ्रा–मनघा–क्वालिगाउँ हुँदै सुनिलमार्ग जोड्ने सडक) चेनेज: ०.०० देखि २२.८०५ को निर्माण तथा स्तरोन्नति कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययन अघि बढाइएको छ। यस स्तरोन्नति कार्यमा चौडाई विस्तार, नाली निर्माण, ग्राभेलिङ र सोलिङ जस्ता कार्यहरु सम्पन्न गरिनेछ। यस स्तरोन्नतिका लागि प्रस्तावित सडक रुनिबाङ, फर्साचौर, सिम्लेनी, काभ्र, सानचौर, काट्ने, मन्घागाउँ, सार्लिबाङ र क्वालिगाउँ लगायतका वस्तीहरु भएर जाने गर्दछ। |
| आयोजनाले प्रभाव पार्न सक्ने क्षेत्र | रोल्पा जिल्लाको सुनिलस्मृति गाउँपालिका स्थित वडा नं. ३, ५ र ६ को निर्माण तथा स्तरोन्नति कार्यका लागि प्रस्तावित सडक छेउको वस्ती तथा जग्गा |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक बातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक, जैविक, सामाजिक, साँस्कृतिक र आर्थिक प्रणाली बिच के कस्तो असर पर्छ भनी यकिन गर्न आयोजना स्थल वरपरको वडा कार्यालय, स्वास्थ्य चौकी, विद्यालय तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले बातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ अन्तर्गत उपनियम २ को अधिनमा रही सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | सुनिलस्मृति गाउँपालिका, सुलिचौर, रोल्पा<br>ईमेल: ssrm@sunilsmritimun.gov.np, फोन नं.: ०८६–४०११५२ |
| परामर्शदाताको नाम र ठेगाना | पि.आर. कन्सट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि., सिनामंगल, काठमाण्डौं,<br>इमेल: prabhakar.bist2051@gmail.com,<br>फोन नं.: +९७७–९८६१३४२२५१ |

**प्रमुख प्रशासकीय अधिकृत**